# आवास समर्थन उपायहरू र रयिल स्टेट सप

## (फुउदोउसान) हरूको बारेमा जानकारी

【लक्षित व्यक्ति】 ओताकुमा एक बर्ष भन्दा बढी बसेका जो निम्न अन्तर्गतमा परेका परिवार

विदेशी नागरिक बासिन्दा परिवार

・बसोबास योग्यता भएको विदेशी नागरिक भएको परिवार

**एकल अभिभावक भएको परिवार**

**•18बर्ष भन्दा कम उमेरका बच्चाहरू साथै बुबा वा आमा जो सँगै बस्छन् र उनीहरूलाईसमर्थन गरेको परिवार**

**अशक्त व्यक्ति भएको परिवार**

**•शारीरिक अशक्तता पासबुक (तेच्योउ) 1देखि 4 श्रेणी**

**•आइ नो तेच्योउ 1 देखि 3 श्रेणी**

•मानसिक अशक्तता, स्वास्थ्य र कल्याण पासबुक (तेच्योउ) 1 देखि 2 श्रेणी प्राप्त गरेको व्यक्ति भएको परिवार

**वृद्धवृद्धा परिवार**

**•65वर्ष भन्दा बढीको एकल व्यक्ति**

**•65र60 वर्ष भन्दा बढीको व्यक्तिहरू मात्र समावेश भएको परिवार**

**कल्याण सहयोग प्राप्त गरेको परिवार**

**•कल्याण सहयोग प्राप्त गरिरहेको परिवार**

【सम्पर्क】

आवास **सम्बन्धि परामर्श डेस्क**

(ओता **वडा कार्यालय 7तल्ला भवन समन्वय शाखा आवास इन्चार्ज)**

**〒144-8621**

ओताकु **कामाता 5-13-14**

**ＴＥＬ 03-5744-1343 FAX 03-5744-1558**




सोधपुछ **समय: कार्यालयको दिन** 8:30～17:00 **शनि,आइत,सार्वजनिक बिदा र नयाँवर्ष बाहेक**

JR केइहिन तोहोकु लाइन, टोक्यु तामागावा लाइन, र इकेगामी लाइनमा "कामाता स्टेशन " हिगासी गुचिबाट पैदल 1मिनेट

केइहिन तोहोकु लाइन,केक्यु कामाता स्टेशन निसी गुचिबाट पैदल 10मिनेट

ओताकु **आवास समर्थन परिषद**

R3.3

# I　निजी भाडाको आवास पुनर्वास　समर्थनको　जानकारी

## ◇　सहकार्य　गरिदिने रियल स्टेट　सपहरूको सूची वितरण

वडा भित्रै　बस्दै　गरेको, भवन भत्काएको , खाली गर्ने　अनुरोध वा अन्य　कारणहरूलेनयाँ घर खोज्दै　गरेकोरक्षित आवासको आवश्यक भएका व्यक्तिहरू (वृद्धवृद्धा　व्यक्तिहरू, अशक्त　व्यक्तिहरू, एकल अभिभावक, विदेशी निवासी, कल्याण　सहयोग प्राप्त　परिवार)

परामर्श गर्न मिल्ने रियल स्टेट सपहरूको सूची पेज 5मा छ।

आफैले रियल स्टेट　सपमा फोन गरि,चाहेको कोठा र सर्तहरूबारे परामर्श गर्नुहोला।

【प्रयोग **गर्न　सकिने व्यक्तिहरू**】
वृद्ध**वृद्धा　व्यक्तिहरू,अशक्त　व्यक्तिहरू, एकल अभिभावक, विदेशी नि**वासी**,**
कल्याण सहयोग प्राप्त परिवार

**※लिष्टमा　लेखिएको रियल स्टेट　सपहरूमासस्तो　भाडाको कोठाहरूआदिहुन्छ　तर**

**तपाईले** चाहेको जस्तो कोठा नपाउन पनि सक्छ।

आफैले **फोनद्वारा　सूचीबद्ध　रियल स्टेट सम्पर्क　गरेपछि हेर्न　जानुहोला।**

- इच्छाएको　कोठाको सर्तहरू बारेमा सिधा रियल स्टेट　सपमा परामर्श गर्नुहोला ।
- इच्छाएको　कोठा फेला परेको खण्डमा　सम्झौता　गरिनेछ।

◎　यदि कोठा फेला नपरेको खण्डमा

「तपाईंको **आफ्नै　आवश्यकताहरूको समीक्षा　गर्ने　विचार गर्नुहोस्　(कोठा भाडा, आकार, क्षेत्र　,आदि)।**」

## ◇　कोठा भाडामा लिदा ग्यारेन्टी बसिदिने　कम्पनीहरूको परिचय इत्यादि।

यदि तपाईं वडामा बस्नुहुन्छ　र एक निजी भाडाको आवासको लागि सम्झौता　गर्न　ग्यारेन्टी　कम्पनी　प्रयोग　गर्नुहुन्छ　भने, वडासँग सम्झौता　गरेको, ग्यारेन्टी　कम्पनीको हामी परिचय गराउने छौं।

【प्रयोग गर्न　सकिने व्यक्तिहरू】

वृद्ध**वृद्धा　व्यक्तिहरू,अशक्त　व्यक्तिहरू, एकल अभिभावक, विदेशी निवासी, कल्याण　सहयोग प्राप्त　परिवा**र

《ओताकु सम्झौता　ग्यारेन्टी　कम्पनी 》

- **फोसिजु　खाबुसिकी खाइस्या**
- **फोसिजु　खाबुसिकी खाइस्या**
- इप्पान **स्यादान　होउजिन चिन्ताई　होस्यो　किकु**

**※कोठा भाडा ग्यारेन्टी　कम्पनीले　जाँच गरिन्छ　र नतिजा अनुसार उपलब्ध　नहुन पनि सक**छ

# ◇ कल्याण समर्थन आवास सुरक्षा व्यवसा य (वृद्धवृद्धा घरपरिवार मात्र )

आवास सुरक्षा समर्थन व्यवसाय पेज 1मा निजि भाडाको आवास सम्झौता गर्न नसकेका वृद्धवृद्धा हरूलाईहामी बस्नको लागि स्थान सुरक्षित गर्नका लागि निम्नलिखित भित्रका तीन प्रकारका समर्थनहरू प्रदान गर्नेछौं।

**(1) कोठा खोज्न समर्थ** न

रियल स्टेट सपमा सँगै जाने वा सूचनाहरूल्याइदिने , कोठा सर्ने सम्झौताको लागि मदत गरिनेछ।

**(2) कोठा सरिसके पछि सुरक्षाको पुष्टि**

फोनबाट सुरक्षाको पुष्टि , कोठामा हेर्न गई हेरविचार गर्ने , ढुक्क भएर जीवनयापन गर्न सहयोग गरिनेछ।

**(3) घर मालिक सँग परामर्श गरिदिने**छ

लक्षित वृद्धवृद्धाहरू अथवा घर मालिकहरूबाटपरामर्शको लागि फोनबाट प्रतिक्रिया गरिनेछ

【प्रयोग गर्न सकिने व्यक्ति 】

जो यस वडा भित्र एक बर्ष भन्दा बढी बस्दै गरेको 65वर्ष भन्दा माथिका एकल व्यक्ति अथवा 65 र 60बर्ष भन्दा माथिका मात्र भएका परिवार।

※**कोठाको खोजी गर्न समर्थन गर्दछ तथा कोठा सरेपछि सुरक्षाको पुष्**टि सम्झौता गरेको कम्पनीले गर्दछ।

※**समर्थन कार्यक्रमको प्रयोग गरि घर सरेका सबैजनाको सुरक्षा पुष्टिकरण र हे**रचाह सर्भिसको लागी योग्य हुनेछन्।

आवास **परामर्श डेस्कमा परामर्श (सामग्रीमा हेर्नुहोस् )**

- आवास परामर्श डेस्कमा आवास सुरक्षा समर्थन कार्यक्रमको बारेमा
- सहकार्य गरिदिने रियल स्टेट सपहरूकोसूची प्रयोग गरी रिएल स्टेटसँग गर्नुहोस् ।

↓

वृद्धवृद्धा **कल्याण विभागको डेस्कमा कार्यक्रमको लागि आवेदन दिनुहोस्**।

कोठा भाडामा लिने सम्झौता बिना नै समर्थन जारी राख्न चाहने वृद्धवृद्धा व्यक्तिहरू

- आवास परामर्श डेस्कमा सिर्जना गरिएको "सम्पर्क फारम" ल्याउनुहोस् ।
- समर्थन परियोजनाको व्याख्या पछि, "आवेदन फारम" बुझाउनुहोस्।

↓

समर्थन **कार्यक्रम कार्यान्वयन (वा गैर कार्यान्वयन )**

- वडाद्वारा जाँच पछि, हामी तपाईंलाई "सूचना" पठाउनेछौं।
- कोठा खोज्नको लागि समर्थन सुरूगरि, घरमा बसी सकेपछिको सुरक्षा पुष्टिको समर्थन पनि कायम राखिनेछ।

【सम्पर्क】


वृद्धवृद्धा **कल्याण विभागको वृद्धवृद्धा समर्थन इन्चार्** ज

(ओता वडा कार्यालय तेस्रो तल्ला वृद्धवृद्धा कल्याण विभाग वृद्धवृद्धा समर्थन इन्चार्ज (वृद्धवृद्धा आवास))

TEL 03-5744-1449 FAX 03-5744-1522

रिसेप्सन **समय:** 8:30~17:00 **(शनि, आइत, सार्वजनिक बिदा,नयाँ वर्षको बिदा बाहेक)**




# II　सार्वजनिक　भाडा आवास र परामर्श　डेस्कहरूको बारेमा जानकारी

## ● नगरपालिकाको आवास

नगरपालिकाको आवास,ओता वडाद्वारा　संचालित हो। आवासको खाँचो भई न्यून　आय भएको व्यक्तिहरूलाई　कम भाडामा दिइन्छ। वर्षको　एक पटक नोभेम्बरको शुरुमा आवेदन खुल्ला गरिन्छ। *《आवेदन बुकमार्क 》　वितरण अवधिमा मात्र　वडा कार्यलयको　मुख्य सरकारी भवन र प्रत्येक　विशेष शाखा कार्यालयमा　वितरण गरिनेछ। त्यहाँ　विभिन्न　सर्तहरू छन्, त्यसैले　कृपया आवेदन दिनु अघि* बुकमार्कलाई ध्यानपूर्वक जाँच गर्नुहोस्।

[मुख्य　आवेदन योग्यता ]

1 ओतावडा भित्र　निरन्तर　तीन बर्ष　भन्दा　बढी बस्नुभएको　हुनुपर्दछ ।

2 सम्पूर्ण　परिवारको आय आम्दानी　निर्धारित　मापदण्डभित्र　भएको हुनुपर्दछ ।

3 आवासको समस्या　भएको (नियम अनुसार, घरमालिकहरूर सार्वजनिक　आवासका बासिन्दाहरूलाई अनुमति छैन) ।

4 सँगैबस्ने　आवेदक वा आफन्तहरू गैंगस्टर　(बोउर्योकु　दानइन) को सदस्य　नभएको।

5 आफन्तहरू सँगै बस्ने　(परिवारका लागि)

6 नियम अनुसार 60बर्ष　भन्दा　माथिको अभिभावक सँगै नबसेको (एकल व्यक्तिको　लागि)।

【सम्पर्क】　ओताकु **आवास व्यबस्थापन　केन्द्र** र
(**ओताकु कामाता** 5-36-3 **युनिफर्म　भवन** 1F)
ＴＥＬ　03-3730－7325
रिसेप्सन **समय**: 9:00~17:00 (**शनि, आइत, सार्वजनिक　बिदा,नयाँ वर्षको　बिदा बाहेक**)

## ● नगरपालिकाको आवास

महानगरीय आवास,टोकियो महानगरपालिका　द्वारा　संचालित हो। आवासको खाँचो भई न्यून　आय भएको व्यक्तिहरूलाई　कम भाडामा दिइन्छ। यो न्यून भाडामा लिने आवास हो।आवेदन　मे,अगष्ठ　, नोभेम्बर　र फेब्रुअरी　महिनामा गरि वर्षको　चार पटक आयोजना गरिन्छ। 《आवेदन जानकारी》 वितरण अवधिमा वडा कर्यालयको　मुख्य　सरकारी भवन र प्रत्येक　विशेष शाखा कार्यालयमा　वितरण गरिनेछ। त्यहाँ　धैरे सर्तहरू हुन्छन् , त्यसैले　कृपया आवेदन दिनु अघि ध्यानपूर्वक जाँच गर्नुहोस्।

【मुख्य आवेदन योग्यता 】

1　टोकियो महानगरपालिका भित्र　बसेको हुनु पर्नेछ ।

※एकल व्यक्तिको　लागि, एकल व्यक्तिको　लागि व्हीलचेयर　आवास, परिवारका लागि (पोइन्ट　विधि),सिल्वर　जोडी　टोकियोमा कम्तिमा　3बर्षभन्दा बढी बसेको हुनुपर्नेछ।

2～6 देखि माथिको वडाद्वारा　संचालित आवाससँग साझा छ।

7 65वर्ष　भन्दा　माथिको अभिभावकसँगै बसेको (जीवनसाथी प्राय :60वर्ष　भन्दा　माथि भएको)
(सिल्वर　जोडी र दुईजनाको परिवारको लागि)

【सम्पर्क】　टोकियो महानगरपालिका आवास आपूर्ति निगम महानगरीय आवास आवेदन केन्द्र
(**शिबुया-कु,जिनुमाए** 5-53-67**कोस्मोस　आओयामा** 3F)
TEL　03-3498－8894
रिसेप्सन **समय**: 9:00~18:00 (**शनि,आइत, सार्वजनिक　बिदा,नयाँ वर्षको　बिदा बाहेक**)

## ● सिल्वर जोडी (वृद्धवृद्धा घरपरिवार मात्र ))

65वर्ष भन्दा माथिका एक्लै बसेका वा दुईजनाको परिवार जसलाई आवासको समस्या भएका व्यक्तिहरु। यो आवासमा स्वतन्त्र भई, सुरक्षित र आरामदायी दैनिक जीवन बिताउन सक्नुहुन्छ।

त्यसै गरि,आपत्कालमा प्रतिक्रिया दिन र दैनिक जीवनमा सरसल्लाह दिन सकोस भनी सहयोगी कर्मचारीहरू निवासीमा पठाइन्छन्। वर्षमा पटक आवेदन खोल्नेछ , समयको बारेमा वडाको बुलेटिनमा सूचित गरीनेछ।

[मुख्य आवेदन योग्यता ]

1 वडा भित्र लगातार 3वर्ष भन्दा बढी बसेको हुनु पर्नेछ। 65वर्ष भन्दा माथिका एक्लै बसेका वा दुईजना परिवार जसलाई आवासको समस्या भएका व्यक्तिहरु। (सँगैबसेका व्यक्तिहरू 60वर्ष भन्दा माथि भई अभिभावक वा जीवनसाथी सँगै बसेको समयावधि 1वर्ष भन्दा बढी भएको हुनु पर्नेछ।)

2 आवासको समस्यामा परेको।

3 आय / आय मापदण्ड भित्र छ।

4 सँगैबस्ने आवेदक वा आफन्तहरू गैंगस्टर (बोउर्योकु दानइइन)को सदस्यमा छैनन्।

## ● वृद्धवृद्धा अपार्टमेन्ट (वृद्धवृद्धा घरपरिवार मात्र)

65वर्ष भन्दा माथिका एक्लै बसेका वा दुईजनाको परिवार जसलाई आवासको समस्या भएका व्यक्तिहरु। जीवन स्थिर बनाउन वडाले निजी क्षेत्रबाट भाडामा लिएका अपार्टमेन्ट प्रदान गर्दछ।


[मुख्य आवेदन योग्यता ]

1 वडा भित्र लगातार 3वर्ष भन्दा बढी बसेको हुनु पर्नेछ। 65वर्ष भन्दा माथिका एक्लै बसेका वा दुईजनाको परिवार जसलाई आवासको समस्या भएका व्यक्तिहरु। (सँगै बसेका व्यक्तिहरू 60वर्ष भन्दा माथि भई अभिभावक वा जीवनसाथी सँगै बसेको समयावधि 1वर्ष भन्दा बढी भएको हुनु पर्नेछ।)

2 आवासको समस्या भई, स्वस्थमा समस्या नभएको दैनिक जीवन बिताउन सक्षम हुनुहुने।

3 सँगैबस्ने आवेदक वा आफन्तहरू गैंगस्टर (बोउर्योकु दानइइन)को सदस्यमा छैनन्।

【सम्पर्क】 वृद्धवृद्धा **आवास व्यवस्थापन डेस्**क
(**ओता वडा कार्यालय तेस्रो तल्ला वृद्धवृद्धा कल्याण विभागभित्र वृद्धवृद्धा आवास**
TEL 03-5744-1346 FAX 03-6428-6973
रिसेप्सन **समय:** 8:30~17:00 (**शनि, आइत, सार्वजनिक बिदा,नयाँ वर्षको बिदा बाहेक**)



## ◇ सहकार्य गरिदिने रियल स्टेट सपहरूकोलिस्ट

सहकार्य गरिदिने रियल स्टेट सपहरूकोप्रयोग गर्न चाहानुहुन्छ भने, कृपया जानु भन्दा पहिले आफैले फोन गर्नुहोस्। तपाईंले खोज्नु भएको जस्तो भाडाको कोठा छ कि छैन वा खुल्ने समय जाँच्नुहोस् , तपाईंली चाहेको सर्तको कोठाको लागि परामर्श गर्नुहोस्। त्यो अवस्थामा , कृपया तपाईंले "ओताकु सहकार्य गरिदिने रियल स्टेट सपको सूची" हेरेर कल गरेको भन्नुहोस्।

**※तपाईंले चाहेको जस्तो कम भाडाको कोठा फेला पर्छ नै भन्ने निश्चित छैन।**

## ★ 相談内容 MEMO

配布日：　　　年　　月　　日

<table>
<tr><td>転居理由等<br>बसाई सर्ने कारण आदि</td><td colspan="6">・老朽化 बुढेसकाल र ・立ち退き सर्न पन लागेको （期限 समयावधि साल महिना तारिख）<br>・居住環境の改善 बस्ने वातावरणको सुधार ・高額家賃 महंगो कोठा भाडा<br>・保証人不在 ग्यारेन्टरको अनुपस्थिति ・生活保護受給 कल्याण संरक्षण प्राप्त गर्दै गरेको<br>・同居家族関係 सँगै बस्ने परिवारको सम्बन्ध र<br>・その他 अन्य （　　　　　　　　　　　　）</td></tr>
<tr><td>保証人<br>ग्यारेन्टर</td><td>有（続柄　　　）・ 無<br>छ (सम्बन्ध　　　) / छैन</td><td>保証会社利用<br>ग्यारेन्टर कम्पनीको प्रयोग गर्ने</td><td>有 ・ 無<br>हो / होइन</td><td>緊急連絡先<br>आपत्कालमा सम्पर्क गर्ने व्यक्ति</td><td colspan="2">有 ・ 無<br>छ / छैन</td></tr>
<tr><td rowspan="8">希望条件等<br>इच्छित सर्त , आदि</td><td colspan="3">探している物件</td><td colspan="3">तपाईंले खोज्नु भएको कोठा</td></tr>
<tr><td colspan="3">家　賃：　　　　　　円程度</td><td colspan="3">कोठा भाडा:　　　　　　येनजति</td></tr>
<tr><td colspan="3">地　域：　　　　　　周辺</td><td colspan="3">क्षेत्र:　　　　　　वरिपरि</td></tr>
<tr><td colspan="3">間取り：　　　　　　ぐらい</td><td colspan="3">फ्लोर योजना:　　　　　　जति</td></tr>
<tr><td colspan="3">階　層：　１階 ・２階以上・どちらでも</td><td colspan="3">तल्ला: पहिलो तल्ला / दोस्रो तल्ला भन्दा माथिको / जुन सुकै भएपनि हुन्छ</td></tr>
<tr><td colspan="3">トイレ：　洋式 ・ 和式 ・どちらもでも</td><td colspan="3">टोइलेट: पश्चिमी शैली, जापानी शैली / जुन सुकै भएपनि हुन्छ / जुन सुकै भएपनि हुन्छ</td></tr>
<tr><td colspan="3">風　呂：　有 ・ 無 ・どちらもでも</td><td colspan="3">नुहाउने ओफुरो: छ / छैन / जुन सुकै भएपनि हुन्छ</td></tr>
<tr><td colspan="3">その他：</td><td colspan="3">अन्य</td></tr>
</table>

◎यदि तपाईंले सजीलै कोठा पाउन नसकेको खण्डमा

**「आफुले इच्छाएको कोठाको (कोठा भाडा, आकार, क्षेत्र आदि) समिक्षा गरौं।」**

# अन्य कोठा खोज्न

おかげさまで50年 कोउएकी स्यादान होउजिन
जेनकोकु चिन्ताई ज्युताकु केइस्या क्योउखाइ रेन्गोउखा इ [परिचित: चिन्ताई

## ◎आन्सिन चिन्ताई कल सेन्ट र

सुरक्षित आवासको आवश्यता भएका लागि हामी भाडाको आवास सम्बन्धी परामर्श गर्दछौँ ।

आन्सिन चनि्ताई कल सेन्टर फ्रडियल

みんな　ここ　安心

**TEL.0120-37-5584**

चिन्ताई क्योउखाइका सार्वजनकि उपयोगिताहरूलाई सहयोग गर्ने घर मालकिहरू, वयवस्थापकहरू र मध्यस्थहरू

कोठाको म्याचिङ ग




## ◎आन्सिन चिन्ता ई आवेदन हो।

रक्षित आवासको आवश्यता भई आवास पाउन नसकी समस्यामा परेका व्यक्तिहरुलाई लक्षित (प्रकोपको घटनामा पीडितहरूकालागि) भाडामा लिने आवास बारे जानकारी पोष्ट गरिएको छ। शीर्ष पृष्ठबाट कुनै पनि प्रिफेक्चर चयन गरेपछि,त्यहाँ "कि-वर्ड द्वारा सर्च " उदाहरण अनुसार इच्छाएको कोठा खोज्नुहोस् । कोठाको विवरणको लागि, कृपया प्रत्येक कोठाको स्क्रिनमा "सर्तहरू, आदि" जाँच (www.saigaishienjutaku.com/)







## ◎सेफ्टीनेट ज्यूताकु जानकारी प्रावधान प्रणाली

भूमि, पूर्वाधार , यातायात र पर्यटन मंत्रालयद्वारा प्रबन्धित सुरक्षित आवासको आवश्यक परेकाहरूकोलागि भाडामा लिने आवासको लागि सर्च ,ब्राउजिङ्ग र आवेदन दिने साइट हो। (www.safetynet-jutaku.jp/guest/system.php)




सेफ्टीनेट ज्यूताकु भन्नाले सुरक्षित आवासको आवश्यता व्यक्तिहरूका लागि भाडामा लिने आवासको लागि दर्ता गर्ने प्रणाली हो। जस्तै वृद्धवृद्धा वा अशक्त व्यक्तिहरू आदि, आवासको आवश्यता भएका व्यक्तिहरूका लागि राख्न दर्ता गरिएको आवास हो।